# प्रेस विज्ञप्ति

निजी आवास पुनर्निर्माणका लागि अनुदान सम्झौता ।

(२०७३ पौष २०)

भूकम्पबाट अति प्रभावित जिल्लाहरुमध्ये देहाय बमोजिमका १४ जिल्लाहरुमा निजी आवास पुनर्निर्माणका लागि यही २०७३ पौष २० गते सम्म ५,४५,९२२ घरधुरीहरुसँग अनुदान सम्झौता सम्पन्न भएको छ भने प्रथम किस्ता भुक्तानी घरधुरी संख्या ४,६५,२३० रहेको र करिब २,०४,१७७ वटा गुनासाहरु दर्ता गरिएको अभिलेख प्राप्त भएको छ । भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माणका लागि पहिचान गरिएका लाभग्राहीहरुलाई बैंक मार्फत अनुदान हस्तान्तरण गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट "क", "ख" र "ग" वर्गका इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुसंग २०७३ साल जेठ १७ मा सम्झौता भई सोही अनुसार स्थानीय निकाय र बैंक तथा वित्तीय संस्थाहरु बीच छलफल भई स्थानीयस्तरमा बैंक तथा वित्तीय संस्थाहरुको क्लस्टरिंग गरी तिनिहरुमार्फत आ-आफ्नो क्लस्टरमा परेका लाभग्राहीहरुलाई अनुदान वितरण गर्ने गरी प्रबंध मिलाइएको छ । साथै गाविस तथा नगरपालिकाहरुलाई संपन्न भैसकेका अनुदान सम्झौताको तेरिज छिटो माध्यमबाट जिविसमा पठाउने र सम्बन्धित जिविसले प्राप्त तेरिज अनुसार यथाशीघ्र बैंकखातामा अनुदान रकम हस्तांतरण गर्ने व्यवस्था मिलाउन सबै जिविस, नगरपालिका तथा गाविसहरुलाई निर्देशन दिईसकेको छ । यसबाट आगामी दिनमा अनुदान प्राप्त गर्ने लाभग्राहीको संख्यामा तीव्रतर बृद्धि हुने अपेक्षा समेत गरिएको छ ।

| सि.नं. | जिल्ला | लाभग्राही संख्या | अनुदानसम्झौता सम्पन्न घरधुरी संख्या | प्रथम किस्ता भुक्तानी घरधुरी संख्या | गुनासो दर्ता |
|---|---|---|---|---|---|
| १ | गोरखा | ५८५०३ | ५३३४९ | ५२६७५ | १५७४६ |
| २ | सिन्धुपाल्चोक | ७८५३७ | ७४९२४ | ७४९१२ | १४४४७ |
| ३ | रामेछाप | ४३६०९ | ४०९११ | ३९७५९ | १३९७२ |
| ४ | धादिङ्ग | ७०५८१ | ६३१५१ | ५२९१७ | १५५८९ |
| ५ | नुवाकोट | ६५७५९ | ६११८९ | ५५४६५ | ११०५० |
| ६ | दोलखा | ५१७६२ | ४७३१८ | ४६९६७ | २१७१२ |
| ७ | ओखलढुङ्गा | १९८१८ | १८४८९ | १८३०१ | ७८१० |
| ८ | काभ्रेपलाञ्चोक | ६७६६५ | ६०७२१ | ५९७५१ | २१४३६ |
| ९ | सिन्धुली | ३४२५६ | २८२६९ | २६१६२ | ३०६०१ |
| १० | रसुवा | ११२३६ | ९२९९ | ८३१७ | १३६७ |
| ११ | मकवानपुर | ३०२३८ | १९५४० | १७६६१ | २६९०९ |
| १२ | ललितपुर | २५५०६ | १७१४४ | ५४८ | ६११८ |
| १३ | काठमाडौं | ४२५०० | ३२०५६ | ११७९५ | १०८३२ |
| १४ | भक्तपुर | २६०६६ | १९५६२ | | ६५८८ |
| | जम्मा | ६,२६,०३६ | ५४५९२२ | ४६५२३० | २,०४,१७७ |

(मदन कोइराला)

सहायक प्रवक्ता एवं सूचना अधिकारी

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

२०७३ पौष २०